# गैंडे सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

प.सं. : ०८२।०८३ मिति : २०८२।१२।१८

**विषय : काठ दाउरा लिलाम विक्री सम्वन्धी शिलवन्दी वोलपत्र आव्हानको सूचना ।**

**(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८२।१२।१८)**

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना वमोजिम आ.व. ०८२/०८३ मा सामुदायिक वन क्षेत्रभित्र रहेका ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्र (C1S1 र C2S1) मा क्षेत्रमा हटाउनु पर्ने रुखहरु कटान गर्दा उत्पादन भएका काठ दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलवन्दी वोलपत्र प्रक्रियावाट लिलाम विकी गर्नुपर्ने भएकोले वन पैदावारको कारोवार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समयभित्र वोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० वजे भित्र दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

**१. लिलाम हुने वन पैदावारको विवरण**

**श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. २९६७ मिति २०८२।१२।११ गतेको लिलाम सहमति वमोजिमको प्रथम पटक प्रकाशित सूचना**

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 01/082/083 | आ.व. ०८२।०८३ मा ढलापडा कटान तर्फको ग्राइ नं. ३, ४ तथा पुनरुत्पादन कटान C1S1 तर्फको ग्राइ नं.२,३ साथै पनुरुत्पादन कटान C2S1 तर्फको ग्राइ नं. १,२,९,११, १२ का गोलिया काठ साथै दाउरा | साल | A | ५६ | १५२४.३५ | १२५० | १९०५४४३ | ८१६,६२० | |
| | | साल | B | ६९ | १०२८.२८ | ९०० | ९२५४५४ | | |
| | | साल | C | ७२ | ३८२.८१ | ६०० | २२९६८४ | | |
| | | साल | D | ७ | १२.०० | ३०० | ३६०० | | |
| | | वाँझी | N | ५४ | २६८.५२ | १०० | २६८५२ | | |
| | | दवदवे | N | १४ | ८५.७२ | १०० | ८५७२ | | |
| | | असना | A | १० | १७२.१८ | ४०० | ६८८७२ | | |
| | | असना | B | १५ | १३९.३६ | ३०० | ४१८०८ | | |
| | | असना | C | ८६ | २८२.३५ | १०० | २८२३५ | | |
| | | मौवा | N | ४ | १३.४२ | १०० | १३४२ | | |
| | | भुटकुल | N | ३ | ७.५० | १०० | ७५० | | |
| | | भलायो | N | २ | ९.८८ | १०० | ९८८ | | |
| | | जामुन | B | २ | १८.६६ | ३०० | ५५९८ | | |
| | | जामुन | C | ८ | २१.५८ | १०० | २१५८ | | |
| | | वर्रो | N | ४७ | ३०६.२८ | २०० | ६१२५६ | | |
| | | वोटधाइरो | N | ७४ | २९५.८१ | १०० | २९५८१ | | |
| | | पियारी | N | ३ | २५.८७ | १०० | २५८७ | | |
| | | चेप्टे | N | २ | ३.६९ | १०० | ३६९ | | |
| | | कुसुम | N | ८ | २१.१४ | १०० | २११४ | | |
| | | कुम्भी | N | ८ | ३२.७६ | १०० | ३२७६ | | |
| | | कर्मा | c | ६ | १४.२३ | १०० | १४२३ | | |
| | | साल जातको दाउरा चट्टा | | | ९.५० | १२००० | ११४००० | २७२,००० | |
| | | साल मिश्रित दाउरा चट्टा | | | ०.५० | ८००० | ४००० | | |
| | | अन्य जातको दाउरा चट्टा | | | ७.०० | ४००० | २८००० | | |
| जम्मा | | | | | | | ३४९५९६२ | १०८८६२० | |

# गैंडे सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| 02/082/083 | आ.व. ०८२।०८३ मा ढलापडा कटान तर्फको ब्लक नं. १ तथा पुनरुत्पादन कटान ब्लक तर्फको ब्लक नं.१ साथै पुनरुत्पादन कटान ब्लक तर्फको ब्लक नं. ६, ७, १० र १३ का गोलिया काठ साथै दाउरा | साल | A | ४५ | १५०७.७९ | १२५० | १८८४७३८ | ८३३,४९६ | |
| | | साल | B | ८६ | १०५२.९४ | ९०० | ९४७६४६ | | |
| | | साल | C | २७१ | ९४७.०१ | ६०० | ५६८२०६ | | |
| | | साल | D | ७६ | १०६.१८ | ३०० | ३१८५४ | | |
| | | असना | A | १८ | ४२२.६६ | ४०० | १६९०६४ | | |
| | | असना | B | २३ | २३५.८२ | ३०० | ७०७४६ | | |
| | | असना | C | १०१ | ३२६.५५ | १०० | ३२६५५ | | |
| | | कुसुम | N | ३ | ५.५९ | १०० | ५५९ | | |
| | | कर्मा | A | ४ | ८४.८२ | ४०० | ३३९२८ | | |
| | | कर्मा | B | ६ | ५८.६२ | ३०० | १७५८६ | | |
| | | कर्मा | C | ५ | १४.८५ | १०० | १४८५ | | |
| | | साल जातको दाउरा चट्टा | | | १०.०० | १२००० | १२०००० | २७२,००० | |
| | | अन्य जातको दाउरा चट्टा | | | ७.०० | ४००० | २८००० | | |
| जम्मा | | | | | | | ३९०६४६७ | ११०५४९६ | |

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८३/०१/०८ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८३/०१/०९ गते दिउसो ३.०० वजेसम्म ।

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयवाट प्रत्येक लटको रु. २,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी वोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक लिमिटेड, सन्धिखर्क शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१००००३९६८००१ खातामा रकम जम्मा गरेको सक्कलै वैंक भौचर नै पेश गर्नु पर्ने छ ।

५. लिलाम विक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

७. रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८३।०१।११ गते दिउस २:०० वजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन वमोजिम लाग्ने कर समेत वुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

CamScanner

# गैंडे सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलबन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, बोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशतले हुने धरौटी रकम समूहको नाममा रहेको बैंकमा दाखिला गरेको भौचर समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, बोलपत्र उपर कारवाही हुने छैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी गैंडे सा.व.उ.स.को काठ दाउरा लिलाम सम्बन्धि शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित निति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. संघीय वन नियमावली, २०७९ को नियम २५ को उपनियम ५ बमोजिम बोलपत्र सदर भएको फर्मले बोलपत्र सदर भएको जानकारी पाएको ४५ (पैतालिस) दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी रकम जफत गरी बाँकी प्रकृया अगाडी बढाईने छ ।

१६. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

ईति सम्वत् २०८२ साल चैत्र महिनाको १८ गते रोज ०४ मा शुभम् ...................।

CamScanner